## नेपाल सरकार

प्रदेश प्रमुख
बागमती प्रदेश
हेटौंडा, मकवानपुर

### शुभकामना सन्देश

नयाँ वर्ष २०८२ को पावन अवसरमा बागमती प्रदेश, स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा सुख, शान्ति, सुस्वास्थ्य, समृद्धि र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

नयाँ वर्ष भित्तेपात्रो फेरिने विषयमा मात्र सीमित नरही आम नेपालीको जीवनस्तर सुदृढ हुने गरी नेपालीको ओठमा मुस्कान लिएर आउनेछ भन्ने अभिलाषा लिएको छु। यो वर्षले उत्साह र कर्मशीलता बोकेर हामी सबैलाई सभ्य र अनुशासित बनाई संघीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ बनाउन प्रेरणा दिने अपेक्षा राखेको छु। देशलाई अस्थिरता र अन्तहीन द्वन्द्वको दिशामा धकेल्ने प्रवृत्ति र क्रियाकलापका विरुद्ध एकजुट हुन नयाँ वर्षले सबैलाई ऊर्जा दिने विश्वास लिएको छु।

समयबाट हामी सबैले पाठ सिक्नुपर्दछ, हामीले उद्यमशीलताको विकास गरेर परनिर्भरतालाई न्यूनीकरण गर्नुपर्दछ। विश्व परिवेशमा आएको उतारचढावले आत्मनिर्भर बन्न, स्वदेशी उत्पादनको प्रयोगमा जोड दिएर आयातलाई कम गर्दै निर्यातमुखी अर्थतन्त्रको दिशामा अघि बढ्न मौका र चुनौती थपेको छ। हामीले सकारात्मक सोच राखेर मात्र हुँदैन, सकारात्मक कार्य गर्नुपर्दछ। वास्तवमा क्रिया अर्थात् सकारात्मक कार्यमा परिवर्तन नहुने सोच विषसरह हुन्छ।

वि.सं. २०८१ अब इतिहासको रूपमा रहेको सन्दर्भमा विगतका कमीकमजोरीलाई अन्तिम कमीकमजोरी ठानेर आ-आफ्नो क्षेत्रबाट समृद्ध देश निर्माणमा अघि बढ्न सबैलाई वि.सं. २०८२ ले मार्गदर्शन गर्नेछ भन्ने विश्वासका साथ पुनः सबैमा नयाँ वर्ष २०८२ को शुभकामना व्यक्त गर्दछु।

शुभ नयाँ वर्ष!

**२०८२ साल बैशाख ०१ गते, सोमबार**
**ने. सं. ११४५ चौलागा: पारु**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**